# तानसेन नगरकार्यपालिकाको कार्यालय, तानसेन पाल्पाको

# मेला महोत्सव संचालन सम्बन्धी

# सिलबन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१।०९।२८

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुडीखेल मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव संचालन गर्न चाहाने गैर नाफामुलक संघ संस्था/फर्म/कम्पनीको लागि ३० दिनको म्याद राखि यो वोलपत्र आव्हानको सूचना प्रकाशन गरिएको छ । योग्य, ईच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक बोलपत्र पेश गर्नु हुन अनुरोध छ ।

१. वोलपत्र खरिद गर्न चाहाने फर्म/संघ संस्थाहरुले यस कार्यालयको नाममा रा.बा.बैंक पाल्पा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ३०३०१००३०१०१०००४मा तोकिएको रकम जम्म गरी नेपाल सरकारको सार्वजनिक खरिद अनुगमन कार्यालयको website; www.bolpatra.gov.np बाट बोलपत्र फाराम download गर्नु पर्नेछ ।

२. वोलपत्र download गर्ने मिति: सूचना प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र ।

३. सिलवन्दी बोलपत्र दाखिला गर्ने मिति: आ.व. २०८१/०८२ सम्मका लागि नविकरण भएको संघ संस्था/फर्म/कम्पनी दर्ता नवीकरण प्रमाण पत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, २०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी सूचना प्रकाशन भएको ३१औं दिनको १२ वजे सम्म ।

४. बोलपत्र खोल्ने समय: सूचना प्रकाशित भएको मितिले ३१औं दिनको/बोलपत्र दाखिला हुने दिनको २ वजे वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्नेछैन ।

५. प्राप्त सिलवन्दी वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. वोलपत्र स्वीकृत भएमा सम्झौता हुनु अगावै ठेक/कवोल अंकको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको कम्तिमा ९० दिनको म्याद भएको बैंक जमानी पत्र (बैंक ग्यारेण्टी) पेश गर्नु पर्नेछ । कबोल अंक रकम अग्रिम एकमुष्ट बुझाउन बाधा पर्ने छैन ।

CamScanner

७. कबोल अंक रकम अधिक एकमुष्ट बुझाएमा न्यूनतम् अंकमा नघट्ने गरी कबोल अंकको ५% छुट दिन सकिने छ ।

८. बोलपत्र स्वीकृत भई सम्झौतामा हस्ताक्षर भए पश्चात् चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।

९. ठेक्का सम्झौता भई भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट बिईने छैन ।

१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि मेला/महोत्सव सञ्चालनको अवधि सम्मको लागि भाग हुनेछ ।

११. ठेक्का स्वीकृत भएको बोलपत्रदाताले ठेक्का सम्झौता अगावै पेश गर्नु पर्ने रकम, बैंक ग्यारेण्टी वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोस्रो, तेस्रो क्रममा बोलपत्रदातालाई ठेक्का सम्झौता गराइने छ ।

१२. बोलपत्र दाखिला गर्दा कबोल गरेको अंकको ५% ले हुन आउने रकम वापत रा.वा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००००४ ग-१-१ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

१३. बिस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | न्युनतम् ठेक अंक मु.अ. कर समेत | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/०४/०८१/८२ | टुडीखेल मैदानमा मेला/महोत्सव सञ्चालन तथा व्यवस्थापन | ६१,००,०००।०० | ३०००। | बोलपत्र |

.............

तानसेन नगरकार्यपालिकाको कार्यालय